# भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१

नेपाल राजपत्रमा प्रकाशन मिति
२०३१।७।१९

पहिलो संशोधन २०३३।७।१६
दोस्रो संशोधन २०५३।३।२०
तेस्रो संशोधन २०६५।१०।२७
चौथो संशोधन २०६६।७।२३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भूमिगत जलस्रोत विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाइ जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ख. बमोजिम नेपाल सरकारले नियुक्त गरेको वा तोकेको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. [#]**समितिको गठन** : (१) भूमिगत जलस्रोतको व्यवस्थित विकास गर्न भूमिगत जलस्रोत विकास समिति नाम गरेको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| [+](क) | सचिव, सिंचाइ मन्त्रालय | अध्यक्ष |
| (ख) | महानिर्देशक, सिचाई विभाग | -सदस्य |
| (ग) | महानिर्देशक, कृषि विभाग | -सदस्य |
| (घ) | महानिर्देशक, खानी तथा भूगर्व विभाग | -सदस्य |
| [&](ङ) | महानिर्देशक, खानेपानी ताथ ढल निकास विभाग | -सदस्य |
| (ङ१) | महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग | -सदस्य |
| [Φ](च) | भूमिगत जल उपभोक्ता संघका अध्यक्ष तथा सदस्य मध्येबाट कम्तिमा १ जना महिला सहित नेपाल सरकारले तोकेको २ जना | -सदस्य |
| (छ) | कार्यकारी निर्देशक | -सदस्य सचिव |

[#] तेस्रो संशोधनद्वारा संशोधित ।
[+] चौथो संशोधनद्वारा रुपान्तरित ।
[&] चौथो संशोधनद्वारा थप ।
[Φ] चौथो संशोधनद्वारा संशाधित ।

(३) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले नेपाल सरकारको कुनै अधिकृत वा समितिको सल्लाहाकार वा अन्य कुनै विशेषज्ञलाइ समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सामान्यतयाः महिनाको एक पटक बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै अध्यक्षको निर्देशानुसार सदस्य सचिवले सदस्यहरुलाइ दिनु पर्नेछ ।

(७) कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(८) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(९) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ ।

(१०) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(११) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

[#]४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) भूमिगत जलस्रोतको सर्भेक्षण, अध्ययन, अन्वेषण, मुल्यांकन र अनुगमन गर्ने, गराउने,

(ख) भूमिगत जलस्रोतको विकास तथा उपयोग गर्ने, गराउने,

(ग) भूमिगत जलस्रोतको सम्बन्धमा व्यवस्थित सूचना प्रणालीको विकास गर्ने,

(घ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकता अनुसार योजना तथा कार्यक्रम संचालन गर्ने, गराउने,

(ङ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकतानुसार परामर्श तथा सेवा उपलव्ध गराउने,

(च) भूमिगत जलस्रोत सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाइ सुझाव दिने ।

[#]४क. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य संचालनका लागि आवश्यकतानुसार समितिका कुनै सदस्यको संयोजकत्वमा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

[O]४ख. **कार्यकारी निर्देशक** : (१) नेपाल सरकारले समितिको दैनिक कार्य संचालन गर्नका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ, व्यवस्थापन, अर्थशास्त्र, समाजशास्त्र, विज्ञान वा कानून विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको व्यक्तिलाइ कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्म सिंचाइ मन्त्रालय वा सिंचाइ मन्त्रालय वा समिति अन्तर्गत कम्तीमा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको पदका कर्मचारीलाइ कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ ।

---

[#] तेस्रो संशोधनद्वारा संशोधित

[O] चौथो संशोधनद्वारा संशोधित ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजलाइ पुनः एक अवधिका लागि नियुक्त गर्न सकिनेछ । तर निजको कार्य सन्तोषजनक नभएमा समितिको सिफारिशमा नेपाल सरकारले पदावधि सकिनु अगावै निजलाई पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

&४ग. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको दीर्घकालिन, अल्पकालिन योजना, वाार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिको दैनिक प्रशासनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गर्ने,

(घ) समितिले संचालन गरेका कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने ।

(ङ) समितिले संचालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(च) समितिले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

&४घ. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिले आवश्यकतानुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) समितिको अनुरोधमा नेपाल सरकारले कुनै निजामती कर्मचारीलाइ समितिमा काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम खटाइएका कर्मचारीको सरुवा, वढुवा तलव भत्ता अन्य सुविधा र विभागी कारवाही तथा सजाय प्रचिलत कानून बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम काजमा खटिएका कर्मचारीले समितिले तोके बमोजिमका सुविधा पाउने छन् ।

#५. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, संघ, संस्था, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) समितिले परामर्श तथा सेवा उपलव्ध गराए वापत प्राप्त गरेको रकम,

(घ) समितिले गरेको लगानीबाट प्राप्त साँवा व्याज तथा अन्य रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकम लिनु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा समितिले तोकेको बैंक तथा वित्तिय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तिय कारोवार गर्न स्थापना भएको “क” वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

---

& तेस्रो संशोधनद्वारा थप ।

# तेस्रो संशोधनद्वारा संशोधित ।

[#]६. **समितिको लेखा र लेखा परीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै वखत जाँच्न वा जचाउन सक्नेछ ।

(४) समितिले प्रत्येक वर्ष आफुले गरेको काम कारवाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

[#]७. **अधिकार प्रत्यायोजन** : (१) समितिले यो आदेश वा यस आदेश अर्न्तगत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कार्यकारी निर्देशकलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफुलाइ प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

[#]८. **बैठक भत्ता** : समिति तथा उप समितिका सदस्यले पाउने बैठक भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृति लिइ समितिले तोके बमोजिम हुनेछ ।

[&]८क. **निर्देशन दिन सक्ने** : नेपाल सरकारले समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

[+]९. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्नु पर्दा सिंचाइ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१०. **नियमहरु बनाउन सक्ने** : समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरुमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

११. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय, काठमाडौंमा रहनेछ ।

१२. **खारेजी र दायित्व** : (१) मिति २०२७।१।२८ को नेपाल राजपत्रमा प्रकाशित भूमिगत जलस्रोत सर्भेक्षण विकास समिति (गठन) आदेश, २०२६ लाई खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम विघटित समितिको सम्पूर्ण जायजेथा र दायित्व यस आदेश अन्तर्गत गठित समितिमा सर्नेछ ।

---

[#] तेस्रो संशोधनद्वारा संशोधित ।

[&] तेस्रो संशोधनद्वारा थप ।

[+] चौथो संशोधनद्वारा रुपान्तरित ।